नेपाल सरकार

मा. सुरेन्द्र लाभ कर्ण
प्रदेश प्रमुख
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

## शुभकामना

नेपालको संविधान जारी भएको ऐतिहासिक दिन आश्विन ३ गते मनाइने संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त नेपालको संविधान संघीय लोकतान्त्रिक गणतन्त्र, विधिको शासन, मौलिक हक, सामाजिक न्याय, समानता र समावेशिताको आधारस्तम्भ हो। संविधानका मूल मर्म र भावनालाई आत्मसात् गर्दै यसको प्रभावकारी कार्यान्वयन, सुशासन, राष्ट्रिय एकता र सामाजिक सद्भाव सुदृढ गर्नु हामी सबैको साझा दायित्व हो।

यस ऐतिहासिक दिवसले संविधानप्रतिको हाम्रो निष्ठा र प्रतिबद्धतालाई अझ दृढ बनाउँदै न्यायपूर्ण, समावेशी, सुशासित तथा समृद्ध नेपाल निर्माणको राष्ट्रिय संकल्पलाई सार्थक बनाउन प्रेरणा प्रदान गरोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

***संविधान दिवस तथा राष्ट्रिय दिवसको हार्दिक शुभकामना !***

***जय देश ! जय प्रदेश !!***

***मिति २०८३ आश्विन ०३ गते (शनिबार)***

..............................
(सुरेन्द्र लाभ कर्ण)
प्रदेश प्रमुख